## सिद्धिचरण नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन : २०८१।११।०६

**आरम्भ सत्रको कार्यक्रम :**

१. सिद्धिचरण नगरपालिका ओखलढुङ्गाका प्रमुख एवं नगर सभाका सभाध्यक्ष श्री तेजन खनालज्यूको बैठक हलमा आगमन हुनसाथ सभाका उपाध्यक्ष, सदस्य र कर्मचारीहरु आ-आफ्नो स्थानमा उठेर सम्मान ब्यक्त गरी राष्ट्रिय धुन बजाइयो ।

२. सम्मान ब्यक्त गरी राष्ट्रिय धुन बजे पश्चात नगर प्रमुख श्री तेजन खनालज्यूले सभाप्रति सम्मान प्रकट गरी नगर सभाको १५ औं अधिवेशनको सभाध्यक्षको आशन ग्रहण गर्नु भयो ।

३. कार्यसूची प्रस्तुतः

सभाध्यक्षको निर्देशन बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री निलकण्ठ विश्वकर्माले कोशी प्रदेश सरकारबाट जारी गरिएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा १८ बमोजिम नगर सभाको १५ औं अधिवेशन बैठकको कार्यसूची र समय तालिका तपसिल बमोजिम प्रस्तुत गर्नु भयो ।

सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा
(१५ औं नगर सभा, २०८१)
कार्यसूची र समय तालिका

बैठक संख्या : १ (एक)

बैठक स्थान : सिद्धिचरण नगरपालिकाको सभाहल, ओखलढुङ्गा

अध्यक्षता : नगर प्रमुख श्री तेजन खनाल

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/११/०६ | दिउँसो १२:३० बजे | कार्यसूची प्रस्तुत | प्र.प्र.अ. श्री निलकण्ठ विश्वकर्मा | |
| | दिउँसो १२:३५ बजे | चालु आ.व. ०८१/८२ को स्वीकृत कार्यक्रम तथा बजेटको अर्धवार्षिक समीक्षा | नगर प्रमुख श्री तेजन खनाल | |
| | दिउँसो १२:५५ बजे | चालु आ.व. ०८१/८२ को स्वीकृत कार्यक्रम तथा बजेट मध्ये संशोधन प्रस्ताव प्रस्तुत | उपप्रमुख श्री केदारबाबु बस्नेत | |
| | दिउँसो १:२० बजे | प्रस्तुत संशोधन कार्यक्रम तथा बजेट माथि छलफल | | |
| | दिउँसो १:२५ बजे | संशोधित कार्यक्रम तथा बजेटको निर्णयार्थ पेश | नगर प्रमुख श्री तेजन खनाल | |
| | दिउँसो १:३० बजे | नीतिगत निर्णय प्रस्तुत तथा निर्णयार्थ पेश | नगर प्रमुख श्री तेजन खनाल | |

CamScanner

५. सभाध्यक्षले नगर सभाको १५ औं अधिवेशन समक्ष प्रस्तावित कार्यक्रम तथा बजेट र चालु आर्थिक वर्षमा स्वीकृत भएका कार्यक्रमहरुको संशोधित विवरण प्रस्तुत गर्न सभाका उपाध्यक्ष एवं उपप्रमुख श्री केदारबाबु बस्नेतलाई समय दिनु भयो ।

६. सभाध्यक्ष एवं नगर प्रमुखबाट गरिएको सम्बोधन :

नगरपालिकाका उपप्रमुखज्यू,

नगर सभाका सदस्यज्यूहरु, उपस्थित राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मीहरु तथा अन्य महानुभावहरु।

यस नगरपालिकाको नगर सभाको १५ औं अधिवेशनमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका नगर सभाका सभासदज्यूहरु, कर्मचारी, सञ्चारकर्मी र अन्य महानुभावहरुमा सिद्धिचरण नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु।

सर्वप्रथम म लोकतान्त्रिक गणतन्त्रात्मक राजनैतिक व्यवस्था प्राप्तिका लागि विभिन्न चरणमा भएको जनआन्दोलनमा आफ्नो अमूल्य जीवनलाई बलिदान गर्ने आदरणीय वीर शहीदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

आन्दोलनका घाइते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। कठिन परिस्थितिहरुमा पनि त्याग र नेतृत्व प्रदान गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

कोशी प्रदेश सरकारबाट जारी गरिएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम नगर कार्यपालिकाको परामर्शमा यस नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन आरम्भ गरिएको छ।

संविधानको धारा २२१ को उपदफा (१) मा संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार नगर सभामा निहित हुने, सोही धाराको उपधारा (२) ले गाउँ र नगर सभाको व्यवस्थापकीय अधिकार अनुसूची-८ र ९ बमोजिम स्थानीय तहलाई प्राप्त हुने संवैधानिक अधिकारहरु कार्यान्वयनका लागि विभिन्न स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु जारी गरी कार्यान्वयनमा ल्याई सकिएको र आवश्यकताको आधारमा थप स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको मस्यौदा तयारी गर्ने कार्य जारी नै रहेको व्यहोरा अवगत गराउन चाहन्छु।

गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम वर्षको दुई पटक आव्हान गरिने नियमित अधिवेशनहरु मध्ये कार्यविवरणको आधारमा असार १० गते आव्हान गरिने अधिवेशन वार्षिक नीति बजेट र कार्यक्रम उपरको छलफल तथा निर्णयमा केन्द्रित हुने र सो अधिवेशनको समाप्ति मितिले अधिकतम आठ महिनाको अवधिमा आव्हान गरिने अधिवेशनमा मूलतः

CamScanner

उक्त आ.व. को लागि स्वीकृत वार्षिक नीति, बजेट, कार्यक्रम- कार्यान्वयनबाट हासिल भएको प्रगति, कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्या एवं चुनौतिहरुको समीक्षा, संशोधन प्रस्तावहरु उपरको छलफल तथा नीतिगत निर्णयहरुमा केन्द्रित रहने व्यहोरा सम्मानित सभालाई अवगत गराउँदै अब म सम्मानित नगर सभाको १५ औं अधिवेशनमा चालु आ.व.को हालसम्मको प्रगति तथा समीक्षा प्रस्तुत गर्दछु।

आ.व. २०८१।८२ मा कूल विनियोजन बजेट रु. ६७ करोड १८ लाख ६ हजार २ सय ९२ (सामाजिक सुरक्षा बाहेक) मध्ये हालसम्म रु.२४ करोड ६८ लाख ५१ हजार खर्च भएको छ। जसमध्ये चालु खर्च रु. २१ करोड ७४ लाख ७६ हजार (४२ प्रतिशत) र पूँजीगत खर्च रु.२ करोड ९३ लाख ७५ हजार (१९ प्रतिशत) खर्च भई हालसम्म ३६.७४ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। आय तर्फ संघीय सरकारबाट रु २३ करोड ७९ लाख २९ हजार ७ सय ५३ रुपैया, प्रदेश सरकारबाट रु ९१ लाख ८ हजार २ सय ५० रुपैया, राजश्व बाडँफाँड तर्फ संघीय सरकार र प्रदेश सरकारबाट जम्मा रु ५ करोड ३७ लाख ९१ हजार ६ सय ७३ रुपैया वित्तीय हस्तान्तरण भई आएको छ। त्यसैगरी आन्तरिक श्रोत तर्फ हालसम्म रु ७८ लाख ६४ हजार २ सय १४ रुपैया र गत वर्षको बैंक मौज्दात रु २ करोड ३० लाख ५१ हजार २ सय ३९ रुपैया ९० पैसा रहेको छ। हाल सम्म कुल आय रु ३३ करोड १६ लाख ७५ हजार ८ सयं ४२ रुपैया रहेको छ।

अब म विषयगत तथा क्षेत्रगत वित्तीय तथा भौतिक प्रगति सम्मानित सभा समक्ष पेश गर्दछु,

**शिक्षा, युवा तथा खेलकुद शाखातर्फ:**

नमुना विद्यालय र विज्ञान विषयको प्रवर्द्धनको गर्न शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि कार्य सम्पादनमा आधारित अनुदान (सशर्त) ५० प्रतिशत निकासा, सामुदायिक विद्यालयका आइटी स्रोत शिक्षकका लागि सूचना प्रविधि सम्बन्धी ५ दिने तालिम सञ्चालन, नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८१ तथा नगरस्तरीय शैक्षिक अतिरिक्त क्रियाकलाप सञ्चालन लगायतका शैक्षिक सुधारका क्रियाकलाप सम्पन्न भई सकेका छन्। सामुदायिक विद्यालयका छात्रहरुलाई नि:शुल्क स्यानीटरी प्याड खरिद गरी वितरणको क्रममा रहेको छ। विद्यालयलाइ साहित्यिक स्रोत सामाग्री वितरण, प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामाग्री सहयोग अनुदान, विद्यार्थी पोर्टफोलियो मूल्याङ्कन पुस्तिका तथा स्थानीय पाठ्यसामाग्री निर्माण तथा वितरण, नियमित रुपमा विद्यालय अनुगमन तथा निरीक्षण र विद्यालयका प्र.अ. हरुसँग नियमित बैठक तथा अन्तक्रिया गरी सामुदायिक विद्यालयका गतिविधिहरु बारे छलफल गरी शैक्षिक गुणस्तर र सुधारका क्रियाकलापहरु निरन्तर रुपमा सञ्चालन गरिएको छ। शिक्षा, युवा तथा खेलकुद शाखातर्फ विनियोजित बजेट मध्ये संघ सशर्त तर्फ ४५.४२ प्रतिशत, प्रदेश सशर्त तर्फ ४६.१५ प्रतिशत वित्तीय प्रगति हाँसिल भएको छ भने निशर्त तर्फ विनियोजित बजेटको ५७.१७ प्रतिशत प्रगति हाँसिल भएको छ।

महिला, बालबालिका तथा समाज कल्याण उप-शाखातर्फ :

ज्येष्ठ नागरिक दिवस, अन्तराष्ट्रिय अपांगता दिवस, राष्ट्रिय बाल दिवस, जेष्ठ नागरिकसँग चौमासिक बैठक, सहकारी संस्थासँगको चौमासिक बैठक सम्पन्न भएका छन्। आ व २०८०/८१ को लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण सम्पन्न भएको छ। लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन, नगरपालिकाको आर्थिक सहयोगमा ओखलढुंगा बहिरा संघ मार्फत बहिरा भएका व्यक्तिहरुका लागि १५ दिने सांकेतिक भाषा तालिम, अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार तथा प्रेषण सेवा सम्बन्धि १२ वटा वडामा घुम्ती शिविर सञ्चालन भएको जसमा १८१ जनाले सेवा लिएका, फिजियो थेरापी सेवा ६ जना, सहायक सामाग्री वितरण २५ जनालाई, घरमा आधारित शिक्षाको लागि ३ जना अपांगता बालबालिका पहिचान, विद्यालय स्तरमा दौतरी शिक्षा सञ्चालन, अपांगता सहायता कक्ष स्थापना तथा सञ्चालन, अपांगता भएका व्यक्तिको अभिभावकलाई हेरचाह सम्बन्धी सीप तालिम जस्ता क्रियाकलापहरु अपांगताको क्षेत्रमा सञ्चालन भएका छन्। ओखलढुंगा सामुदायिक अस्पतालको सहकार्यमा समुदायमा आधारित समावेशी विकास परियोजना सञ्चालनमा आएको छ।

पशुपन्छी सेवा र कृषि विकास शाखा तर्फः

यस नगरपालिका क्षेत्र भित्र कृषकहरुका पशुपन्छीमा देखा पर्न सक्ने विभिन्न किसिमका रोगको उपचार तथा नियन्त्रण गरी कृषकको पशु धनको क्षति हुन नदिन आवश्यक औषधीको प्रवन्ध गर्नुका साथै प्राविधिक कर्मचारीहरुलाई निरन्तर परिचालन गरिएको छ। जस अन्तर्गत मेडिकल उपचार, माइनर सर्जिकल (बन्ध्याकरण सहित), मेजर सर्जिकल र गाइनोक्लोजिकल सहित ६ हजार ४ सय ७३ पशुपन्क्षीको उपचार गरी १ हजार ७० जना कृषक लाभान्वित भएका छन्। साथै उन्नत जातको वाछाबाछी उत्पादन गर्नको लागि गाई भैसीमा १ सय २२ कृतिम गर्भाधान सेवा दिइएको छ। पशुपन्क्षीहरुको रोग नियन्त्रण र रोकथामको लागि गाई/भैसीमा खोरेत भ्याक्सिन ३ सय ५० डोज, लम्फी स्कीन भ्याक्सिन ६० डोज र भेडा/बाखामा पि.पि.आर. ५ सय ६५ डोज, सुंगुर बंगुरमा स्वाइन फिवर १ सय ५० डोज, पन्क्षीमा रानीखेत भ्याक्सिन १ हजार ५ सय डोज लगाउने कार्य सम्पन्न भैसकेको छ भने उक्त सेवा निरन्तर सञ्चलान भैरहेको छ। त्यसैगरी पशुपन्छी उपचार औषधी खरिद कार्यक्रम ठेक्का मार्फत सम्पन्न भैसकेको छ। जै घास १ हजार २ सय ५० के.जी., नेपियर घास ५० हजार सेट खरिद गरी कृषकहरुलाई वितरण गरिसकिएको छ भने मिनेरल ब्लक, रेविज भ्याक्सिन, कृतिम गर्भाधानको लागि आवश्यक सिमेन तथा नाइट्रोजन खरिद कार्य अगाडी बढाइएको छ।

कृषि विकास तर्फ स्थानीय साना किसानको उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै बर्षातको समयमा झेल्नुपर्ने समस्यालाई सधैको लागि अन्त्य गर्न सि.न.पा. १२ स्थित हाट बजारमा तरकारी तथा फलफूल विक्री केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त

अनुदान) अन्तर्गत यस नगरपालिका भित्रका वडा नं. २, ७, ९, १० र १२ मा सुन्तला जात फलफूल विस्तार कार्यक्रम संचालन गर्न आवश्यक प्रकिया अगाडी बढाईएको छ। यसै गरी वडा नं. ४, ५ र ६ मा किसान सुचिकरण कार्यक्रम सञ्चालन गर्न कृषि गणक नियुक्तिको कार्य आरम्भ भएको छ।

**कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखातर्फः**

वडा स्तरमा न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया भूमिका तथा कानूनी साक्षरता सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन, कानून तथा न्यायिक कार्यसम्पादनसँग सम्बन्धित आवश्यक पुस्तक खरिद भएको, न्यायिक समितिमा आएका ४ वटा मुद्दा मध्ये १ वटा मिलापत्र भएको र ३ वटा प्रक्रियाको चरणमा रहेका छन्। हालसम्म राजपत्रमा प्रकाशित ऐन-२९, कार्यविधि-६०, निर्देशिका-११ र नियमावली–९ वटा रहेका छन।

**संस्था दर्ता तर्फ :-**

खानेपानी तथा जलउपभोक्ता समिति दर्ता- ८ वटा, 'घ' वर्गको निर्माण इजाजतपत्र नवीकरण-१३ वटा भएका छन्।

**लैंगिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना अन्तर्गत :-**

CPSW बाट पिडितको पहिचान, मनोसामाजिक प्राथमिक उपचार, रेफरल र फलोअप सेवा मार्फत महिला १ सय २० जना, पुरुष २२ जना गरी जम्मा १ सय ४२ जनालाई सेवा दिइएको छ। CPSW हरुद्धारा सञ्चालित सचेतनामूलक मनोशिक्षा कार्यक्रममा पुरुष २ हजार ४ सय ४७ जना र महिला २ हजार ९ सय २१ गरी जम्मा ५ हजार ३ सय ६८ जनाले सेवा लिएका छन।

**पूर्वाधार विकास शाखा तथा योजना तथा अनुगमन उप-शाखा तर्फ :**

यस आ व २०८१/८२ मा पूर्वाधार विकास अन्तर्गत संघीय सरकार, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम र नगरपालिका तथा सबै वडाहरुबाट छनौट भएका कुल ३ सय ३६ योजना मध्ये हाल सम्म १५ योजना ठेक्का व्यवस्थापन भई निर्माणको चरणमा छन। त्यसैगरी उपभोक्ता समिति मांर्फत सञ्चालन हुने योजनाहरु मध्ये १ सय ३ वटा योजनाहरुको उपभोक्ता समिति गठन तथा सम्झौता भई कार्यान्वयनका चरणमा छन् भने हाल सम्म ५२ वटा योजनाहरु कार्य सम्पन्न भई फरफारक समेत भएका छन्। बाँकी रहेका योजना तथा कार्यक्रमलाई समयमा नै तोकिएको लागत, परिमाण र गुणस्तरमा सम्पन्न गर्न आवश्यक प्रवन्ध गरिएको छ।

**विपद व्यवस्थापन तथा आर्थिक सहायता तर्फ :-**

नगरपालिका क्षेत्र भित्र घट्न सक्ने सम्भावित विपदजन्य घटनाहरुको न्यूनिकरण, रोकथाम, प्रतिकार्य र राहत तथा पून:स्थापनाका लागि सिद्धिचरण नगरपालिका सदैव सचेत र प्रतिवद्ध रहदै आएको छ भने सहास नेपालसँगको सहकार्यमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। नगरपालिका क्षेत्र भित्र विभिन्न ठाउँमा विपदजन्य घटनाबाट प्रभावित नागरिकको

CamScanner

पून:स्थापना एवं कडा रोगबाट पिडित नागरिकहरुलाई उपचार स्वरुप आर्थिक सहायता वापत चालु आ.व. मा हालसम्म कुल ६८ जनालाई ७ लाख ३० हजार रकम उपलब्ध गराइएको छ।

सम्मानीत सभाका सदस्यज्यूहरु,

**स्वास्थ्य शाखा तर्फ :**

नियमित रुपमा स्वास्थ्य सम्बन्धी कार्यक्रमको समिक्षा, विद्यालय किशोरीहरुलाई एच.पि.भि. खोप कार्यक्रम र स्वास्थ्य संस्थाबाट निशुल्क वितरण गरिने औषधीलाई खरिद कार्य विद्युतीय माध्यमबाट सम्पन्न गरी सबै स्वास्थ्य संस्थाबाट सहज रुपमा औषधि प्राप्त हुने व्यवस्था सुनिश्चित गरिएको छ। पूर्ण खोप सुनिश्चितता तथा दिगोपनका लागि घरधुरी सर्वेक्षण कार्यक्रम सञ्चालन गरिएको छ। आङ खसेका महिलाहरुको स्क्रिनिङ र रिङपेसरी लगाउने कार्यक्रमका साथै नजिकको स्वास्थ्य संस्थाबाट गर्भवती महिलाहरुको अल्ट्रासाउण्ड गर्ने कार्यक्रम सञ्चालन भैरहेको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ:**

कामका लागि पारिश्रमिक कार्यक्रम अन्तर्गत १४ वटा योजना नगर कार्यपालिकाबाट छनौट भई उक्त योजनाहरु मध्ये ३ वटा योजना सम्झौता भइ कार्यान्वयनको चरणमा छन् भने अन्य योजनाहरुको सर्वे तथा लागत अनुमान तयारीको काम सम्पन्न हुने चरणमा रहेका छन्। जिल्ला प्रशासन कार्यालय सँगको समन्वयमा आप्रवासी स्रोत केन्द्र स्थापना भई वैदेशिक रोजागरीमा जाने व्यक्ति, वैदेशिक रोजगारबाट फर्केका व्यक्ति र उनका परिवारहरुलाई परामर्श सेवा प्रदान गरिदै आएको छ।

**सामाजिक सुरक्षा भत्ता तर्फ :**

प्रथम र दोश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण तर्फ ज्येष्ठ नागरिक (अन्य) २ हजार २ सय ५० जना, जेष्ठ नागरिक दलित १ सय ९७ जना, ज्येष्ठ नागरिक एकल महिला (६० वर्ष माथि) २ सय २६ जना, विधवा (६० बर्ष मुनि)) ४ सय १ जना, पूर्ण अपाङ्गता (क वर्ग) ९३ जना, अति अशक्त अपाङ्गता (ख वर्ग) १ सय ६३ जना र दलित बालबालिका (५ वर्ष मुनि) २ सय ९३ जना गरी जम्मा ३ हजार ६ सय २३ जना लाभग्राहीहरुलाई रु. ७ करोड १६ लाख १ हजार ९ सय ८८ रुपैया वितरण गरिएको छ। समाजिक सुरक्षा भत्ता तर्फको वित्तिय प्रगति ५० प्रतिशत रहेको छ।

**व्यक्तिगत घटना दर्तातर्फ:**

नगरपालिकाको १२ वटै वडामा हालसम्म दर्ता भएका घटना दर्ता मध्ये जन्म दर्ता तर्फ पुरुष १ सय ४९ जना, महिला १ सय ३२ जना गरी जम्मा २ सय ८१ जना, मृत्यु दर्ता तर्फ पुरुष ७९ जना, महिला ६४ जना गरी जम्मा १४३ जना, सम्बन्धविच्छेद १९ जोडी, विवाह दर्ता जम्मा १ सय ३२ जोडी, बसाईसरी आएको संख्या ४० जना र बसाईसरी जाने १ सय ८१ जना गरी जम्मा घटना दर्ता तर्फ ६ सय ४७ जना दर्ता भएका छन् ।

नगरपालिकाको सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फ :-

नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय लगायत सबै विकास साझेदारी संघ संस्थाको रचनात्मक र सकारात्मक सहयोगको फलस्वरुप राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन अनुसार नगरपालिकाले ७५.१ अंक प्राप्त गरी कोशी प्रदेशमा दोस्रो र ओखलढुंगा जिल्लामा पहिलो स्थानीय तह बन्न सफल भएको छ। उक्त अंकले आगामी आ.व. मा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम बढाउनमा सहयोग गर्नेछ जुन नगरपालिकाको मुख्य उपलब्धी हो भने नगरपालिकाबाट सम्पादित कामकारबाही, सेवा प्रवाह, विकास निर्माणका कार्यहरुमा विगतका वर्षहरुमा भन्दा उल्लेखनीय रुपमा सुधार भएको छ।

सभाका सदस्यज्यूहरु,

निरन्तर सुधारको प्रयास हुँदा हुँदै पनि संघीय सरकार तथा प्रदेश सरकार मार्फत समयमै कार्यक्रम र रकम प्राप्त नहुनु साथै तोकिएको अनुदान रकम पूर्व निर्धारित सिमा अनुसार प्राप्त नहुनुले ठूला कार्यक्रम/आयोजनाहरुको कार्यान्वयनमा अपेक्षित गति लिन सकिएको छैन। यस सन्दर्भमा स्वीकृत कार्यक्रम र उपलब्ध स्रोत परिचालन गर्न जिम्मेवार सम्पूर्ण शाखाहरु, वडा कार्यालयहरु, समितिहरुले थप प्रयत्न गर्न आवश्यक देखिएको छ। चालु आर्थिक वर्षको बाँकी अवधिमा समय तालिका सहितको संशोधित कार्ययोजना तयार गरी सार्वजनिक खर्च र स्रोत परिचालनमा दक्षता हासिल गर्न सम्वद्ध सबैलाई आग्रह गर्दछु । सिद्धिचरण नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, आम नागरिकहरु, करदाताहरु, निजीक्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवम् सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

६ फागुन, २०८१

तेजन खनाल

नगर प्रमुख

७. नगर सभाका उपाध्यक्ष एवं उपप्रमुखबाट गरिएको मन्तव्य तथा चालु आर्थिक वर्ष ०८१/८२ मा स्वीकृत भएका कार्यक्रमहरुको संशोधन प्रस्ताव प्रस्तुत :

१५ औं नगर सभाका श्रद्धेय सभाध्यक्ष एवं नगर प्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,

नगर सभामा उपस्थित कर्मचारी, पत्रकारज्यूहरु तथा सहभागी अन्य महानुभावहरु ।

कोशी प्रदेश सरकारले बनाएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम आव्हांन गरिएको यस नगरपालिकाको नगर सभाको १५ औं अधिवेशनको आरम्भ सत्रमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुमा जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट व्यक्त गर्दै यस सभामा सहभागी सबै मानुभावहरुमा आयोजक तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको अधिवेशन सामान्यतया वर्षमा दुई पटक बोलाउने र अन्त्य गर्ने र त्यस्तो सभाको एउटा नियमित अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि आठ महिना भन्दा बढी हुनु नहुने व्यवस्था भए वमोजिम हिउँदे अधिवेशनको रुपमा यस नगरपालिकाको १५ औं अधिवेशनको आव्हान गरिएको छ ।

सभाध्यक्षज्यू
अब म यस सम्मानीत सभा समक्ष चालु आर्थिक वर्ष ०८१/८२ मा स्वीकृत भएका कार्यक्रमहरुको संशोधन प्रस्ताव र प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

८. चालु आ.व. ०८१/८२ मा सञ्चालन गरिने तपसिलका नगरस्तरीय योजना/कार्यक्रम तथा बजेट स्वीकृत गरी उक्त योजना/कार्यक्रम सञ्चालन गर्न गत वर्षको बैंक मौज्दात रु.४०,४७,४४७।-, फोहोरमैला व्यवस्थापनको लागि नवीनतम प्रविधि खरिद शीर्षकबाट रु.३०,००,०००।- र आन्तरिक श्रोतबाट रु.३८,७३,६०७।- बजेट संशोधन गरी जम्मा रु.१,०९,२१,०५४।- श्रोत सुनिश्चित गरी बजेट विनियोजन गरियो ।

तपसिल

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | बिमिरे नेवार गुठी भवन निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. १ | ४००००० | |
| २ | कर्कलादेवी आ.वि. घेरावार निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. १ | २००००० | |
| ३ | नाल्सु बस्नेत गुठी घरको बरण्डा निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. १ | २००००० | |
| ४ | अचार बनाउने मेशिन खरिद तथा व्यवस्थापन, सिद्धिचरण नगरपालिका वडा नं. २ | २००००० | |
| ५ | सामुदायिक भवन मर्मत डाँडागाउँ, सिद्धिचरण नगरपालिका वडा नं. २ | १००००० | |
| ६ | नारायणस्थान मा.वि. असिने शैक्षिक सुधार कार्यक्रम कम्प्युटर शिक्षक तलब भत्ता, सिद्धिचरण नगरपालिका वडा नं. ३ | १५०००० | |
| ७ | नारायणस्थान मा.वि. खेलमैदान मर्मत, सिद्धिचरण नगरपालिका वडा नं. ३ | १५०००० | |
| ८ | कालिकादेवी भवन फर्निचर खरिद, सिद्धिचरण नगरपालिका वडा नं. ३ | ५०००० | |
| ९ | नारायणस्थान स्वास्थ्य चौकी केन्द्र भवन मर्मत, सिद्धिचरण नगरपालिका वडा नं. ३ | १००००० | |
| १० | रुम्जाटार क्याम्पस गेटदेखि भीमसेन मन्दिरसम्म मोटरबाटो स्तरोन्नती, सिद्धिचरण नगरपालिका वडा नं. ४ | ३००००० | |
| ११ | राज्य लक्ष्मी मा.वि. भवन निर्माण (साझेदारी), सिद्धिचरण नगरपालिका वडा नं. ५ | १०००००० | |
| १२ | सपनावती मन्दिर ट्रस निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. ५ | १५०००० | |
| १३ | सोनाम छोलिङ गुम्बाको पाहुना घर निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ५ | २००००० | |
| १४ | मैदाने पखेरीखोला सडक मर्मत तथा निर्माण योजना, सिद्धिचरण नगरपालिका वडा नं. ६ | ५००००० | |
| १५ | संयुक्त आ.वि. घुन्सामा ट्रस निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. ७ | २००००० | |
| १६ | माथिल्लो क्षेत्रमा नयाँ माने निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. ७ | ३००००० | |
| १७ | दोल्पु शिरान र चिदिखिम विल्दु नयाँ सडक निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. ७ | ८००००० | |
| १८ | धनेपु-टक्सार सडक स्तरोन्नती, सिद्धिचरण नगरपालिका वडा नं. ७ | ३५०००० | |
| १९ | कवर्ड हल निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. ८ | ५००००० | |
| २० | विद्युतपोल तथा तार व्यवस्थापन, सिद्धिचरण नगरपालिका वडा नं. ९ | ७५००० | |
| २१ | सामुदायिक विद्यालयलाई फर्निचर खरिद, सिद्धिचरण नगरपालिका वडा नं. ९ | १५०००० | |
| २२ | सामुदायिक भवन निर्माण योजना साविक वडा नं. १, सिद्धिचरण नगरपालिका वडा नं. ९ | १००००० | |
| २३ | सामुदायिक भवन निर्माण योजना गहते, सिद्धिचरण नगरपालिका वडा नं. ९ | १००००० | |
| २४ | शिव मन्दिर निर्माण साविक वडा नं. ५, सिद्धिचरण नगरपालिका वडा नं. ९ | ७५००० | |
| २५ | पुण्यमाता मा.वि. निजी स्रोत शिक्षक तलब भत्ता, सिद्धिचरण नगरपालिका वडा नं. १० | १४०००० | |
| २६ | ब्राहुन डाँडा मासखोरिया सडक निर्माण तथा स्तरोन्नती, सिद्धिचरण नगरपालिका वडा नं. १० | २१०००० | |

CamScanner

| | | | |
|---|---|---|---|
| २७ | खानेपानी पाईप खरिद तथा वितरण, सिद्धिचरण नगरपालिका वडा नं. १० | १००००० | |
| २८ | कालिका मा.वि.रुप्से विद्यालय व्यवस्थापन, सिद्धिचरण नगरपालिका वडा नं. १० | ५०००० | |
| २९ | वडाका विभिन्न सडक निर्माण तथा मर्मतका लागि इन्धन खरिद, सिद्धिचरण नगरपालिका वडा नं. १० | ५०००० | |
| ३० | महिला सहकारी भवन पूर्वाधार निर्माण तथा मर्मत, सिद्धिचरण नगरपालिका वडा नं. १० | १००००० | |
| ३१ | सिमलडाँडाबाट गएको भल व्यवस्थापन गिरीटोल, सिद्धिचरण नगरपालिका वडा नं. १२ | १००००० | |
| ३२ | गोगने खानेपानी व्यवस्थापन, सिद्धिचरण नगरपालिका वडा नं. १२ | १००००० | |
| ३३ | कयरे ढल निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. १२ | १५०००० | |
| ३४ | वन कार्यालय ढल निर्माण, सिद्धिचरण नगरपालिका वडा नं. १२ | १५०००० | |
| ३५ | नेपाल तेक्वान्दो डोजाङ प्रशिक्षक व्यवस्थापन | २००००० | |
| ३६ | रक्तमाला आधारभूत विद्यालय शिक्षक तलब व्यवस्थापन सिद्धिचरण नगरपालिका वडा नं. २ | १५०००० | |
| ३७ | महिला फिडर छात्रावास फर्निचर खरिद सिद्धिचरण नगरपालिका वडा नं. १२ | १५०००० | |
| ३८ | ओखलढुङ्गा रुम्जाटार ऐतिहासिक संग्राहलयमा जनशक्ति व्यवस्थापन सिद्धिचरण नगरपालिका वडा नं. ४ | १५०००० | |
| ३९ | दाहालहरुको कूलपूजा गर्ने देवालीथान मर्मत दियो घर निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ३ | १५०००० | |
| ४० | आदिवासी जनजाती राष्ट्रिय युवा महासंघको अधिवेशन | १००००० | |
| ४१ | चमेना गृह निर्माण सिद्धिचरण नगरपालिका | ५००००० | |
| ४२ | नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ को नपुग व्यवस्थापन खर्च | ३२१०५४ | |
| ४३ | कक्षा ५ को वार्षिक परीक्षा सञ्चालन | १००००० | |
| ४४ | महिलासँग महिला जनप्रतिनिधि (साबुन बनाउने तालिम) | २००००० | |
| ४५ | फलैचा निर्माण सिद्धिचरण नगरपालिका ११ | ८००००० | |
| ४६ | कृषिमेला साहस नेपालसँगको साझेदारी | १२०००० | |
| ४७ | शुक्रबारे बजार व्यवस्थापन सिद्धिचरण नगरपालिका ४ रुम्जाटार | १००००० | |
| ४८ | जिल्ला स्तरीय आमा समूह सञ्जाल | ५०००० | |
| ४९ | प्याराग्लाईडिङ्ग | ५०००० | |
| ५० | ठाडे प्रहरी बिट व्यवस्थापन सिद्धिचरण नगरपालिका ६ | ३०००० | |
| ५१ | स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान तथा प्रिन्टर खरिद | १५०००० | |
| ५२ | ज्योतिषटोल मोटरबाटो निर्माण तथा स्तरोन्नती सिद्धिचरण नगरपालिका वडा नं.३ चनौटे | १००००० | |
| | जम्मा | १०९२१०५४ | |

९. चालु आ.व. ०८१/८२ मा सञ्चालन गरिने संशोधित विषयगत शाखा तथा नगरस्तरीय योजना/कार्यक्रम तथा बजेट :

| क्र.सं. | बजेट/कार्यक्रमको क्षेत्र | चालु आ.व.मा स्वीकृत कार्यक्रम तथा बजेट | | संशोधन गरिएको योजना/कार्यक्रम तथा बजेट | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्यक्रम | बजेट रु. | कार्यक्रम | बजेट रु. | |
| १ | महिला, बालबालिका तथा समाज कल्याण उप-शाखा | ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रका पदाधिकारीको चौमासिक बैठक | ३५०००० | ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रमा सीप हस्तान्तरण कार्यक्रम र ज्येष्ठ नागरिक केन्द्र अनुगमन | ३५०००० | |
| २ | कृषि शाखा | सिजन अनुसार तरकारी विउँ च्याउको विउँ ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम | १५०००० | च्याउको विउँ तथा च्याउ खेतिका लागि कालो प्लाष्टिक सहित गोठ निर्माण कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नं. ६ | १५०००० | |
| ३ | पशुपन्छी सेवा शाखा | पशु बीमा (फर्म/समूहहरुलाई ५० प्रतिशत अनुदान) कार्यक्रम | ४००००० | आ.व.०८१/८२ को प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट सशर्त तर्फको कार्यक्रम अन्तर्गत पशुपन्छी खोपको लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च | २००००० | |
| | | | | भ्याक्सिन स्टोर गर्नको लागि Laboratory Vaccine Refrigerator खरिद तथा ढुवानी कार्यक्रम | २००००० | |
| ४ | स्वास्थ्य शाखा | प्रयोगशालामा स्वास्थ्य परीक्षणका लागि एन्टिजेन खरिद र वितरण | १००००० | स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान तथा प्रिन्टर खरिद | १००००० | |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा | नियमित प्र.अ. बैठक, गोष्ठी तथा शैक्षिक सुधार अन्तरक्रिया | १८०००० | नियमित प्र.अ. बैठक, गोष्ठी तथा शैक्षिक सुधार अन्तरक्रिया | १३०००० | |
| | | | | वार्षिक परीक्षा सञ्चालन | ५०००० | |
| ६ | नगरस्तरीय योजना तथा कार्यक्रम | खानेपानी व्यवस्थापन तथा मर्मत सिद्धिचरण नगरपालिका वडा नं. ३ | २००००० | ३ नं. वडास्तरीय कृषकको लागि टनेल (त्रिपाल) खरिद | २००००० | |
| | | बाली तथा पशु बीमा कार्यक्रम सिद्धिचरण नगरपालिका वडा नं. ३ | ३००००० | विभिन्न टोलका खानेपानी मर्मतका लागि पाइप तथा पोलेथिन हिल्टेङ्क खरिद सिद्धिचरण नगरपालिका वडा नं. ३ | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | नगरस्तरीय योजना तथा कार्यक्रम | बिगुटार हेल्थपोष्टबाट मा.वि. सम्म ५०० मिटर ढल निर्माण तथा गोरेटो बाटो निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ७ | ३००००० | बिगुटार स्वास्थ्य चौकीदेखि तारा भुजेलको घरसम्म जाने नयाँ सडक सोलिङ तथा स्तरोन्नती सिद्धिचरण नगरपालिका वडा नं. ७ | ३००००० | |
| | | हलेसी दर्शनदेखि कोशेलीचौर जोड्ने मोटरबाटो निर्माण सिद्धिचरण नगरपालिका वडा नं. १ | ४००००० | कोशलीचौर- गाईवोट विमिरे जोड्ने मोटरबाटो स्तरोन्नती सिद्धिचरण नगरपालिका वडा नं. १ | ४००००० | |
| | | साविक बेतिनी ९ हर्रे ढुस्के विमिरे तथा खाल्डे वस्तिमा स्थायी घरधुरीलाई हिलट्याङ्क तथा पाइप खरिद तथा वितरण योजना सिद्धिचरण नगरपालिका वडा नं १० | ४००००० | आम्जानी केरावारी, विमिरे, ढुस्के सडक निर्माण थगा स्तरोन्नती सिद्धिचरण नगरपालिका वडा नं. १० | ४००००० | |

१०. चालु आ.व. ०८१/८२ मा सञ्चालन गरिने संशोधित वडा स्तरीय योजना/कार्यक्रम तथा बजेट :

| क.सं. | बजेट/कार्यक्रमको क्षेत्र | चालु आ.व.मा स्वीकृत कार्यक्रम तथा बजेट | | संशोधन गरिएको योजना/कार्यक्रम तथा बजेट | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट | |
| १ | १ नं. वडा स्तरीय कार्यक्रम | दुग्ध विकास तथा अन्य साझेदारी कार्यक्रम | ५००००० | सहास नेपालसँग कृषि संकलन | २००००० | |
| | | | | सहास नेपालसँग खानेपानी साझेदारी | २५००० | |
| | | | | सहास नेपालसँग सिंचाई साझेदारी | २५००० | |
| | | | | पाइप खरिद | १००००० | |
| | | | | फौजी किरा विषादी तथा स्प्रे खरिद | १००००० | |
| | | | | कार्यालय व्यवस्थापन | ५०००० | |
| | | तिनपिप्ले आ.वि. तलब भत्ता | १२०००० | तिनपिप्ले आ.वि. तलब भत्ता | ५०००० | |
| | | | | सामुदायिक भवन हेरचाह तथा सरसफाईलाई पारिश्रमिक | ७०००० | |
| | | कार्यालय व्यवस्थापन | १००००० | पहरेवेशी गुठी घर निर्माण | १००००० | |
| | | कालिकादेवी मन्दिर मर्मत | ५०००० | दलित कूल मन्दिर निर्माण सि.न.पा. १ साविक तलुवा ५ | ५०००० | |
| २ | २ नं. वडा स्तरीय कार्यक्रम | शैक्षिक कार्यक्रम तथा शिक्षक अनुदान | ३२०००० | कडेनी मा.वि. खनियाखर्क शिक्षक तलब भत्ता | १९५००० | |
| | | | | आनन्देश्वर आ.वि. चौंपाभञ्याङ्ग शिक्षक तलब भत्ता | १२५००० | |
| | | आकस्मिक तथा विपद् व्यवस्थापन | २०५००० | कडेनी मा.वि. साउण्ड सिस्टम खरिद | ३०००० | |
| | | | | तामाङ संस्कृति संरक्षण | ३०००० | |
| | | | | जानुका आ.वि. शिक्षक तलब भत्ता | ३०००० | |
| | | | | वडा कार्यालय पूर्वाधार व्यवस्थापन | ११५००० | |
| | | धनपति खानेपानी लिफ्टीङ्ग योजना आँगे कामीगाउँ | १००००० | रक्तमाला आ.वि. पूर्वाधार व्यवस्थापन | ८०००० | |
| | | | | रक्तमाला आ.वि. साउण्ड सिस्टम खरिद | २०००० | |
| | | विभिन्न दिवसीय, सचेतनामूलक तथा सम्मान कार्यक्रम | १००००० | क्यालेन्डर छपाई | ६०००० | |
| | | | | विभिन्न दिवसीय कार्यक्रम | ४०००० | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३ नं. वडा स्तरीय कार्यक्रम | विपद् व्यवस्थापन तथा आकस्मिक खर्च | २५०००० | वडास्तरीय खानेपानी पाइप तथा औंजार खरिद | १००००० | |
| | | | | ग्याविन तारजाली खरिद | १००००० | |
| | | | | विपद् व्यवस्थापन | ५०००० | |
| | | असिने गुरुङ्ग गाउँ ट्रस निर्माण | १५०००० | समाज सुधार कल्याण सामाज भवन मर्मत | १५०००० | |
| ४ | ४ नं. वडा स्तरीय कार्यक्रम | उमादेवीको घरदेखि विनम राईको घरसम्म मोटरबाटो निर्माण | ३००००० | विनम राईको घरदेखि उमा देवीको घरसम्म गोरेटो बाटो मर्मत सुधार | ३००००० | |
| ५ | ५ नं. वडा स्तरीय कार्यक्रम | सोनाम छ्योलिङ गुम्वा निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ५ | २००००० | सोनाम छ्योलिङ गुम्वा पाहुना घर निर्माण सिद्धिचरण नगरपालिका वडा नं. ५ | २००००० | |
| ६ | ६ नं. वडा स्तरीय कार्यक्रम | नव ज्योति मा.वि. ट्रस भवन मर्मत | ३००००० | नव ज्योति मा.वि. ट्रस भवन मर्मत तथा विद्युत वाइरिङ र सि.सि. क्यामेरा जडान | ३००००० | |
| | | विपद् व्यवस्थापन | ५०००० | जन्तरखानी मा.वि.खानेपानी व्यवस्थापन | ५०००० | |
| | | खानीखोला ट्रस पुल निर्माण योजना | १००००० | खानीखोला ट्रस पुल खोल्ने, जोड्ने तथा मर्मत योजना | १००००० | |
| | | रैथाने वाली ब्रान्डिङ कार्यक्रम | ५०००० | च्याउको विउँ खरिद | ५०००० | |
| | | सडक मर्मतको लागि इन्धन खरिद | ३५०००० | वडा स्तरीय खेलकूद व्यवस्थापन | २०००० | सडक मर्मतको लागि इन्धन खरिदको रकमबाट रु.२०,०००।- |
| | | सडक मर्मतको लागि इन्धन खरिद | ३५०००० | माथिल्लो मैदाने सुकारे ठूलोचौर चारघरे खानेपानी मर्मत | २००००० | सडक मर्मतको लागि इन्धन खरिदको रकमबाट रु.१,६५,०००।-र ज्येष्ठ नागरिक स्वास्थ्य परामर्श घरदैलो कार्यक्रमबाट रु.३५,०००।- |
| | | ज्येष्ठ नागरिक स्वास्थ्य परामर्श घरदैलो कार्यक्रम | १६०००० | | | |
| | | ज्येष्ठ नागरिक स्वास्थ्य परामर्श घरदैलो कार्यक्रम | १६०००० | ठाडे प्रहरी विट मर्मत तथा पानी, बत्ती, किचन व्यवस्थापन | ७०००० | |
| | | | | महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ५५००० | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ७ नं. वडा स्तरीय कार्यक्रम | आमा समूह, स्वयम सेविका कार्यक्रम तथा लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम | ५०००० | तरकारी संकलन केन्द्र भवनको वाल र बाटो निर्माण | १००००० | |
| | | जडीबुटी, फलफूलका बिरुवा वितरण तथा कृषि तालिम सञ्चालन | ५०००० | | | |
| | | भैपरी खर्च (विपद् तथा सडक व्यवस्थापन समेत) | ११५००० | सिद्धिचरण नगरपालिका वडा नं. ७ विगुटारमा इन्टरनेट सेवा विस्तार | १००००० | |
| | | धनेपु मन्दिर निर्माण | ७०००० | साविक वडा नं. ३ सिरान सडक सोलिङ तथा कोलचोक मर्मत | १५०००० | धनेपु मन्दिर निर्माणको रकमबाट रु.७०,०००।-, टक्सार सेवा समाज भवन निर्माणको रकमबाट रु.५०,०००।-, भैपरी खर्च (विपद् तथा सडक व्यवस्थापन समेत) को रकमबाट रु.१५,०००।- र कडेनी मन्दिर निर्माणको रकमबाट रु.१५,०००।- |
| | | टक्सार सेवा समाज भवन निर्माण | २५०००० | | | |
| | | भैपरी खर्च (विपद् तथा सडक व्यवस्थापन समेत) | ११५००० | | | |
| | | कडेनी मन्दिर निर्माण | ७०००० | | | |
| | | टक्सार सेवा समाज भवन निर्माण | २५०००० | विगुटार स्वास्थ्य चौकीदेखि तारा भुजेलको घरसम्म जाने नयाँ सडक सोलिङ तथा स्तरोन्नती | २००००० | |
| | | | | घुन्सा जलेश्वरी मन्दिर पोखरी मर्मत तथा सिढी निर्माण | ५५००० | भैपरी खर्च (विपद् तथा सडक व्यवस्थापन समेत) को बजेटबाट रु.५०००।- थप गरिएको |
| | | लामा भिच्छु शिक्षण सिकाई कार्यक्रम | ३००००० | अनौपचारिक लामा (सम्भोटा लिपी) शिक्षण तथा शेर्पा संस्कृति संरक्षण कार्यक्रम | ३००००० | |
| | | रत्न आ.वि.मा पूर्वपट्टी घेराबार | १००००० | रत्न आ.वि. घेरावारा तथा खोप केन्द्र भवन मर्मत | १३०००० | |
| | | खोप केन्द्र भवन टक्सार प्लाष्टर तथा रंगरोगन | ३०००० | | | |
| | | वडा भित्रका खानेपानी आयोजना र बिजुली बत्ति हेरालु व्यवस्थापन | ४०००० | माथिल्लो भेग विद्युत सामग्री ढूवानी तथा वडा कार्यालय माथिको पोल र तार व्यवस्थापन | ४०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ८ नं. वडा स्तरीय कार्यक्रम | वडा कार्यालय व्यवस्थापन | १५०००० | वडा कार्यलय व्यवस्थापन | १००००० | |
| | | विघुत लाइनको स्तरोन्नती | ५०००० | विघुत लाइनको स्तरोन्नती | १००००० | वडा कार्यलय व्यवस्थापनको रकमबाट रु.५०,०००।- थप गरिएको । |
| | | तेर्से सडक निर्माण | २००००० | सिद्धिचरण नगरपालिका वडा नं. ८ भित्रका सबै सडक मर्मत | २००००० | तेर्से सडक निर्माणको बजेटबाट रु.५०,०००।- थप गरी सिद्धिचरण नगरपालिका वडा नं.८ भित्रका सबै सडक मर्मतको लागि रु.२,००,०००।- रकम राखिएको । |
| | | सिद्धिचरण नगरपालिका वडा नं. ८ भित्रका सबै सडक मर्मत | १५०००० | | | |
| | | लगलगेमा ढल निर्माण | १००००० | लगलगेमा ढल निर्माण | २५०००० | लगलगेमा ढल निर्माणको बजेट रु. १,००,०००।- र तेर्से सडक निर्माणको बजेटबाट रु.१,५०,०००।- थप गरी रु.२,५०,०००।- राखिएको । |
| | | तेर्से सडक निर्माण | २००००० | | | |
| | | भुसुने सडक निर्माण | १००००० | भुसुने सडक निर्माण | १५५००० | |
| | | जरङ्गे खानेपानी योजना | ५५००० | | | |
| ९ | ९ नं. वडा स्तरीय कार्यक्रम | विभिन्न खेलकूद कार्यक्रम सहभागी खर्च | १००००० | खेलकूद सामग्री खरिद | ५०००० | |
| | | | | केउरिनी सिंचाई पोखरी निर्माण | ५०००० | |
| | | आकस्मिक विपद् व्यवस्थापन | १५०००० | आकस्मिक विपद् व्यवस्थापन | १००००० | |
| | | | | कोलडाँडा शिव मन्दिर भुई ढलान | ५०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | १० नं.वडा स्तरीय कार्यक्रम | आरुबोटे कुवा मर्मत योजना | १५०००० | आरुबोटे कुवा भौतिक पूर्वाधार निर्माण | १५०००० | |
| | | चिम सिमारे प्रतिक्षालय निर्माण तथा खानेपानी व्यवस्थापन | १००००० | बाहुन डाँडा मासखोरिया सडक निर्माण तथा स्तरोन्नती | १३४००० | चिम सिमारे प्रतिक्षालय निर्माण तथा खानेपानी व्यवस्थापनबाट रु.१,००,०००।, विपद् व्यवस्थापनको रकमबाट रु.१२,०००।-, पूण्यमाता देवीथान मर्मत रकमबाट रु.१०,०००।-र पूण्यमाता मा.वि. महिला कार्यालय सहयोगी तलब भत्ता रकमबाट रु. १२,०००।-थप गरी बाहुन डाँडा मासखोरिया सडक निर्माण तथा स्तरोन्नतीको लागि १,३४,०००।- राखिएको । |
| | | विपद् व्यवस्थापन | ३७५००० | | | |
| | | पूण्यमाता देवीथान मर्मत | ६०००० | | | |
| | | पूण्यमाता मा.वि. महिला कार्यालय सहयोगी तलब भत्ता | ६०००० | | | |
| | | थापाटोल पोखरी घेरावार रुप्से | १००००० | थापाटोल पोखरी भौतिक पूर्वाधार निर्माण | ११८८७० | थापाटोल पोखरी घेरावार रुप्सेबाट रु.१,००,०००।-र आकस्मिक खर्च रकमबाट रु.१८,८७०।-थप गरिएको |
| | | आकस्मिक खर्च | १००००० | | | |
| | | विपद् व्यवस्थापन | ३७५००० | वडा कार्यालय व्यवस्थापन सामग्री खरिद | १००००० | |
| ११ | ११ नं.वडा स्तरीय कार्यक्रम | ज्येष्ठ नागरिक तथा अशक्त अपाङ्गहरुका लागि स्वास्थ्य परिक्षण तथा सम्मान कार्यक्रम | १५०००० | ११ नं. वडा कार्यालय भवनको कोठा थप तथा ट्रस निर्माण | ३५५००० | सडक मर्मतको लागि इन्धन खरिदको रकमबाट रु.५५,०००।-र भैपरी आउने खर्चको रकमबाट रु.१,५०,०००।-थप गरेको । |
| | | सडक मर्मतको लागि इन्धन खरिद | २००००० | | | |
| | | भैपरी आउने खर्च | ४००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रामबजारमा निर्माणधिन फल्चामा ढुङ्गे धारा निर्माण | १००००० | सिद्धिचरण राजमार्गदेखि जालपा हुँदै रामबजार रेलिङ निर्माण तथा सडक स्तरोन्नती | ३००००० | भैपरी आउने खर्चको रकमबाट रु. १,५०,०००।-र सडक बत्ति खरिदको रकमबाट रु.५०,०००।- थप गरेको |
| | | भैपरी आउने खर्च | ४००००० | | | |
| | | सडक बत्ति खरिद | १००००० | | | |
| | | रमाइलो डाँडा झम बहादुरको घर ठाडो सिमधारा आसपास ढल निर्माण | ५०००० | रमाइलो डाँडादेखि जालपा मा.वि.जाने बाटो, ढक बहादुर खत्रीको घर अगाडी नाला स्तरोन्नती सिद्धिचरण नगरपालिका | ५०००० | |
| १२ | १२ नं.वडा स्तरीय कार्यक्रम | कला संस्कृति सम्बर्द्धन तथा खेलकूद विकास कार्यक्रम | ७५००० | कला संस्कृति सम्बर्द्धन तथा खेलकूद विकास कार्यक्रम | ५५००० | |
| | | | | गणेशथानमा परेवा बासोबास गर्ने स्थल निर्माण | २०००० | |
| | | स.ज.मा.वि जेहेन्दार विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री वितरण | १००००० | स.ज.मा.वि का विद्यार्थीहरुलाई खेलकूद, पोषाक र ट्रयाकसुट खरिद | १००००० | |
| | | कृषि उत्पादकत्व तथा पशुपालन व्यवसाय प्रवर्द्धन | ५०००० | सिद्धिचरण नगरपालिका वडा नं. १२ को बजार क्षेत्रहरुमा सडक रेलिङ निर्माण | ३००००० | |
| | | वडा स्तरीय बालबालिकाहरुको लागि नृत्य प्रतियोगिता | १५०००० | | | |
| | | विपद् व्यवस्थापन | १००००० | | | |

सभाध्यक्षज्यू,

आज भइरहेको यस सम्मानित नगर सभाको १५ औं अधिवेशनमा चालु आ.व. को स्वीकृत नीति, बजेट तथा कार्यक्रमको समिक्षा र संशोधित कार्यक्रम तथा बजेट माथि केन्द्रित हुने हुँदा सभाका सदस्यज्यूहरु, कर्मचारी, पत्रकारज्यूहरु तथा सहभागि अन्य महानुभावहरु सक्रिय सहभागिताका लागि सबैमा अनुरोध गर्दै समय उपलब्ध गराउनु भएकोमा सभाध्यक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दै मेरो भनाइहरु अन्त्य गर्दछु।

धन्यवाद्।

६ फागुन, २०८१

केदारवाबु बस्नेत
नगर उपप्रमुख

<u>निर्णयहरु:</u>

११. सिद्धिचरण नगरपालिकाको नगर सभाको १५ औं अधिवेशनमा पेश गरिएका चालु आर्थिक वर्ष ०८१/०८२ मा स्वीकृत भएका कार्यक्रमहरुको संशोधन प्रस्ताव र प्रस्तावित कार्यक्रम तथा बजेटलाई सम्मानित नगर सभाबाट पारित गर्ने निर्णय गरियो।

१२. यस नगरपालिकाको सवारी साधन बा २ झ ३६१८ नम्वरको हाइलक्स पिकअप भ्यान स्वीस सरकार अन्तर्गतको District Road support program बाट मिति २०७५/०१/२५ मा यस कार्यालयलाई हस्तान्तरण भएकोमा सन् २००६ मा बनेको र १९ वर्ष पुरानो गाडी भएको कारण समस्या आएकोले मेकानिकल ईन्जिनियरको सिफारिस प्रतिवेदनको आधारमा इन्जिन समेत मर्मत गर्नुपर्ने र गाडी नबनाउँदा कार्यालयको दैनिक कामकाज प्रभावित हुने, अर्को गाडी खरिद गर्दा अतिरिक्त व्ययभार थपिने हुँदा मर्मत कार्यबाट नै कार्यालयले अधिकतम लाभ हाँसिल हुने सम्भावनालाई मध्यनजर गरी सवारी साधन मर्मत खर्च शीर्षकबाट खर्च हुने गरी उक्त सवारी साधन मर्मत गर्ने निर्णय गरियो।

१३. वडाबाट तपसिलमा उल्लिखित योजना तथा कार्यक्रमहरु आ.व. २०८१/०८२ मा सञ्चालन गर्ने माग भै आएकोमा यस नगरपालिकाको बजेटबाट उक्त योजना तथा कार्यक्रमहरुलाई सञ्चालन गर्ने सम्भव नभएको हुँदा नगरपालिकाको योजना बैंकमा उक्त योजनाहरुलाई राखी आगामी दिनमा प्राथमिकताका आधारमा संघ तथा प्रदेश सरकार समक्ष अनुदान माग गरी पठाउने निर्णय गरियो।